धनगढी उप महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ०४ | संख्या: ०३ | मिति: २०७७/०३/१०

## भाग-१

धनगढी उप-महानगरपालिका

## धनगढी उप-महानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७

नगर सभाबाट स्वीकृत मिति:२०७७/०३/१०

प्रमाणीकरण मिति : २०७७/......./............

राजपत्रमा प्रकाशित मिति: २०७७/....../.....

**प्रस्तावना:** धनगढी उप-महानगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्वाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक,निजी तथा व्याक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयनका लागि कानून वनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) वमोजिमको अधिकार प्रयोग गरी धनगढी उप-महानगरपालिकाको ५ औं नगरसभाले यो ऐन बनाएको छ ।



Scanned with CamScanner

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "धनगढी उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७" रहेको छ ।

(२) यो ऐन धनगढी उप-महानगरपालिकाको क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"उप- महानगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिका लाई सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले धनगढी उप-महानगरपालिकाको नगरसभाले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनु पर्छ ।

(ग) **"कार्यकारी समिति"** भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) **"कोष"** भन्नाले ऐनको दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(ङ) **"गैरप्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश,जनावर आतङ्क,खानि, हवाई, सडक, वा औधोगिक दुर्घटना, आगलागी, विषादि, ग्यास, रसायन वाविकिरण चुहावट, ग्यास विष्फोटन, विषादि खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षतितथा उद्धार कार्यमा हुने दुघटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(च) **"जिल्ला विपद् व्यवस्थापन समिति"** भन्नाले संघीय ऐनको दफा १६ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) **"तोकिएको" वा तोकिए बमोजिम"** भन्नाले यस ऐन वा यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ ।

(ज) **"नगर प्रमुख"** भन्नाले धनगढी उप-महानगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) "नगर उप-प्रमुख" भन्नाले धनगढी उप-महानगर कार्यपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ ।

(ञ) **"प्रदेश"** भन्नाले सुदुरपश्चिम प्रदेश सम्झनु पर्छ ।



Scanned with CamScanner

(ञ) **"प्रदेश विपद् व्यवस्थापन परिषद्"** भन्नाले संघीय ऐनको दफा ४७ (क) बमोजिम प्रदेशमा गठन भएको परिषद् सम्झनु पर्छ ।

(ठ) **"प्रदेश विपद् व्यवस्थापन समिति"** भन्नाले संघीय ऐनको दफा १४ बमोजिम सुदूरपश्चिम प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ढ) **"प्राकृतिक विपद्"** भन्नाले हिमपात असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरीबतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(ण) **"राष्ट्रिय परिषद्"** भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

(त) **"राष्ट्रिय प्राधिकरण"** भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण वा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

(थ) **"विपद्"** भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सृजना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(द) **"विपद् खोज तथा उद्धार समूह"** भन्नाले विपद्को अवस्थामा खोज तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गरिएको विशिष्टिकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ध) **"विपद् जोखिम न्यूनीकरण"** भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षति न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(न) **"विपद् पूनर्लाभ"** भन्नाले विपद्को घटना पछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(य) **"विपद् प्रतिकार्य"** भन्नाले विपद्को घटना घटना साथ तत्कालै गरिने खोज, उद्धार एवम् राहत सँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पुर्व तयारीलाई समेत जनाउँछ ।

(र) **"विपद् व्यवस्थापन"** भन्नाले विपद् पर्वतयार, प्रतिकार्य र विपद् पुनर्लाभसंग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।



Scanned with CamScanner

(ल) **"व्यवसायिक प्रतिष्ठान"** भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ मल, बहुउ द्धेशीय व्यवपारिक भवन जस्ता व्यवसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(व) **"समिति"** भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(श) "संघीय ऐन" भन्नाले संघीय सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ सम्झनु पर्छ ।

(ष) **"संघीय मन्त्रालय"** भन्नाले संघीय सरकारको विपद् व्यवस्थापन वा अन्य विषय सम्वन्धित विषय हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(स) **"सार्वजनिक संस्था"** भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य संस्था वा शैक्षिक संस्था सम्झनु पर्छ ।

(ह) **"सुरक्षा निकाय"** भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल,राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश प्रहरी वा नगर प्रहरी सम्झनु पर्छ ।

## परिच्छेद - २

## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ३. नगर विपद् व्यवस्थापन समिति:

(१) विपद् व्यवस्थापन सम्वन्धी क्रियाकलापलाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्न उप-महानगरपालिका अन्तर्गत एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उप-प्रमुख — सदस्य

(ग) विषयगत क्षेत्र सम्वन्धित समितिका वा कार्यदलका संयोजकहरु मध्येवाट नगर प्रमुखले मनोति गरेको १ जना — सदस्य

(घ) नगर प्रहरी प्रमुख — सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका उप-महानगरपालिका स्थित प्रमुख वा निजको प्रतिनीधि १ जना — सदस्य

(च) वडा अध्यक्षहरु मध्येवाट नगर कार्यपालिकावाट मनोनित १ जाना — सदस्य



Scanned with CamScanner

(छ) वडा सदस्यहरु मध्येवाट नगर कार्यपालिकावाट मनोनित कम्तिमा १ जना महिला सहित २ जना — सदस्य

(ज) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनीधि १ जना — सदस्य

(झ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनीधि १ जाना — सदस्य

(ञ) विपद् व्यवस्थापनमा काम गरेको गैरसरकारी संस्थाहरु मध्येवाट नगर कार्यपालिकावाट मनोनित १ जना — सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

## ४. समितिको बैठक सम्बन्धी व्यवस्था :

(१) समितिको बैठक वर्षको कम्तिमा चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना वस्ने समय भन्दा चौबीस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जेसुकै लेखिएको भएता पनि विपद्को घटना घटेमा वा तत्काल बैठक वोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै समयमा पनि समितिको बैठक वोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र कम्तिमा २ जना सदस्यहरु उपस्थित भएमा समितिको बैठक वस्न सक्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(६) समितिको निर्णय सकेसम्म सर्वसम्मत् गर्नु पर्नेछ, सो हुन नसके बहुमतद्वारा हुनेछ, मत वरावर भएमा अध्यक्षले निर्णायक दिनेछ ।

(७) उपदफा (१) र (४) बमोजिम बैठकमा अध्यक्षले आवश्यक ठानेमा समितिमा नरहेका सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनीधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र निजहरुले बैठकमा अध्यक्षको अनुमति लिएर छलफलमा भाग लिन सक्नेछन् । र, त्यस्तो आमन्त्रित प्रतिनीधिलाई बैठकको निर्णयमा वा मतदानमा मत दिने अधिकार हुनेछैन ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्ने छ ।



Scanned with CamScanner

**५. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(१) राष्ट्रिय परिषद वाट स्वीकृत निती तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन परिषद्वाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति र मापदण्डहरुको प्रतिकूल नहुने गरी उप-महानगरपालिकाको आवश्यकता अनुसार नगर विपद् व्यवस्थापन नीति तथा योजना तयार गरी कार्यपालिका समक्ष पेश गर्ने,

(२) नगर सभावाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्वन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने, गराउने,

(३) उप-महानगरपालिकावाट संचालन हुने विपद् न्यूनीकरण र व्यवस्थापन सम्वन्धी कार्यक्रम तथा वजेट प्रस्ताव तयार गर्ने, गराउने,

(४) विपद् व्यवस्थापनका सम्वन्धमा संघीय तथा प्रादेशिक कानूनको अधीनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सवै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संख्या वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्वन्धी विषय समावेश गर्न लगाउने,

(५) विपद् व्यवस्थापनका सम्वन्धमा उप-महानगरपालिकाको संस्थागत क्षमता विकासका लागि रणनीति, कार्ययोजना तयार गरी लागू गर्ने, गराउने,

(६) प्रकोष तथा विपद् जोखिम र प्रभाव कम गर्न देहायका कार्यहरु गर्नेः

क) उप-महानगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरु पहिचान गरी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न आवश्यक निर्देशिक, कार्यविधि, मापदण्ड, योजना वनाई नगर कार्यपालिकावाट स्वीकृत गराई लागू गर्ने गराउने,

ख) प्रकोप तथा विपद् जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थानको नक्साङ्कन गर्ने, गराउने,

ग) नगर कार्यपालिकालाई जोखिम संवेदनशील विकास तथा भू-उपयोग योजना तयार गर्न र कार्यान्वयन गर्न, गराउन सहयोग गर्ने,

घ) सार्वजनिक पूर्वाधार सम्वन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

ङ) नगर कार्यपालिकासंग समन्वय गरी नदी किनार, वगर, कटान र डुवान हुने क्षेत्र वा विपद् जोखिम भएका असुरक्षित क्षेत्रमा वसोवास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

च) विपद्को जोखिममा रहेका महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम वनाई कार्यान्वयन गर्ने, गराउने,

छ) प्रकोप तथा विपद् जोखिम न्यूनीकरण र स्थानीय स्तरमा अवलम्वन गर्न सकिने जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्वन्धी ज्ञान, शीप अभिवृद्धिका सामग्रीहरु निर्माण तथा सचेतनामूलक कार्यक्रमहरु वनाई संचालन गर्ने, गराउने,

ज) सार्वजनिक, व्यक्तिगत वा व्यवसायिक भवन निर्माण गर्दा नेपालको राष्ट्रिय भवन सहिता लगायत अन्य स्वीकृत निर्देशिका, मापदण्डको पालना गर्ने, गराउने,

झ) सार्वजनिक पूर्वाधार संरचना निर्माण तथा सेवा संचालन सम्वन्धी संरचना निर्माण गर्दा संघीय सरकारवाट स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउन साथै आवश्यक भएमा थप निर्देशिका वा मापदण्ड तयार गरी लागु गर्न, गराउन कार्यपालिकालाई सहयोग गर्ने,

**नोटः पूर्वाधार संरचना भन्नाले खानेपानी, सिंचाई, सडक, विद्युत संचार,अस्पताल तथा तिनीहरुबाट उपलब्ध हुने सेवा आदि सम्झनु पर्छ ।**

ञ) भौतिक पूर्वाधार सम्वन्धी संरचना निर्माण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय असर एवम् विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

ट) सम्वन्धित निकाय र सरोधारवालाहरु सँग समन्वय गरी विद्यालय तहको शैक्षिक पाठयक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न आवश्यक सहयोग र समन्वय गर्ने,

ठ) कृषी, वन, पशु-पंक्षी पालन, उद्योग, व्यापार तथा वाणिन्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा गरी लागू गर्ने, गराउने,

ड) विपद्को घटनामा हुने मानवीय, भौतिक अन्य सम्पत्तिमा भएका क्षतिको मूल्याङ्कन, गर्ने संयन्त्रको विकास तथा आवश्यक क्षमता विकास गर्ने,गराउने,

ढ) विपद्को समय अवधिमा प्रयोग गर्न सुरक्षित खुला स्थल पहिचान, क्षमता मुल्याङ्कन, आवश्यकता अनुसार स्तर उन्नती गरी ती स्थानमा आश्रय गृह र सेवा सुविधाहरुको विकास गर्ने, गराउने,

(७) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि देहायका कार्यहरु गर्ने :

(क) विपद्का घटना हुने सम्भावना हुनासाथ र पूर्वानुमान संभव नहुने प्रकोपहरुमा घटना हुनासाथ विपद् प्रतिकार्य (खोज, उद्धार, क्षतिको द्रुत मूल्याङ्कन र तत्कालिन राहतका कार्यहरु) गर्न स्वतः परिचालित हुने संस्थागत संयन्त्र तयार गरी कार्यान्वयन गर्ने, गराउने,

ख) राहत सामग्री भण्डारणका लागि आवश्यक गोदाम घरको व्यवस्था गरी सो को संचालन गर्ने, गराउने,

घ) नगर स्तरको प्रकोप एवम् विपद् पूर्वसूचना प्रणालीको विकास र संचालन गर्ने, गराउने, साथै जिल्ला, प्रदेश एवम् राष्ट्रिय स्तरको पूर्वसूचना प्रणालीमा पहूँच कायम गराउने,

ङ) उप-महानगरपालिका स्तरमा आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना र संचालन गर्ने, गराउने,



Scanned with CamScanner

च) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

छ) विपद्को समयमा वारुणयन्त्र, एम्वलेन्स लगायतका अन्य उपकरणहरु तत्काल खटाउने प्रबन्ध गर्ने, गराउने,

ज) विपद्को समयमा आमसञ्चार माध्यमहरुको भूमिका सम्वन्धी आवश्यक मापदण्ड कार्न्वयन गर्ने, गराउने,

झ) आपत्कालीन अवस्थामा राहत सम्वन्धी सामग्री, सेवा र उपकरणहरु खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न उप-महानगरपालिका र सम्वन्धित निकाय, प्रतिष्ठान, व्यवसाय वा व्यक्तिहरुबिच अग्रिम करार वा अनुवन्ध करार गर्ने व्यवस्था मिलाउने,

ञ) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, वालवालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, वेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि आवश्यक कार्यहरु गर्ने, गराउने,

ट) आपत्कालीन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल उपचार हुने व्यवस्था मिलाउने,

ठ) विपद्को घटनावाट असर पर्न सक्ने क्षेत्रमा रहेका र विपद् प्रभावित वासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने,

ड) आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिसंग र प्रदेशसंग समन्वय गरी विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिक लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने, गराउने,

ढ) विपद्को घटना पश्चात् मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवम् प्राप्त नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

ण) सुरक्षा निकाय परिचालन गरी विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवतजावतमा नियन्त्रण गर्ने, गराउने,

त) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक बस्तु हटाउने वा हटाउन लगाउने,

थ) स्वीकृत विधि र मापदण्ड अनुसार विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको मृत शरीर व्यवस्थापन गर्ने, गराउने,

द) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि सुरक्षित आश्रय गृहको व्यवस्था गर्ने, गराउने,

ध) विपद् प्रभावित क्षेत्रमा प्रभावितहरुलाई खानेपानी, खाद्यान्न, कपडा, तथा औषधि उपचार जस्ता अत्यावशयक वस्तुको प्रवन्ध गर्ने, गराउने,

न) विपद् प्राभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरुको निर्माण गर्ने, गराउने,

प) तोकिएका अन्य काम गर्ने ।

(८) पुनर्लाभ, पुनस्थापना र पुनंनिर्माणका लागि देहायका कार्यहरु गर्ने :

क) क्षतिको विस्तृत मूल्याङ्कनका साथै पुननिर्माण र पुनर्स्थापनाको लागि आवश्यक साधन श्रोतको मूल्याङ्कन र लागत अनुमान गर्ने, गराउने वा यस्तो कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति वा प्रदेश विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

ख) विपद्मा परी हराएका, विग्रेका वा नष्ट भएका कागजातको तथ्याङ्क अद्यावधिक गरी राख्ने र सम्वन्धित कार्यालहरुलाई राख्न लगाउने,

ग) विपद्को घटनामा भएका क्षतिको विस्तृत विवरण तयार गर्ने, गराउने,

घ) विपद्वाट प्रभावित घर परीवारको पहिचान, प्रभावको स्तर निर्धारण तथा परिचय-पत्र वितरण गर्ने, गराउने,

ङ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरु भत्काउन लगाउने,

च) कृषि, पशु-पंक्षी पालन, वन, सिंचाई, खानेपानी, सडक, विद्युत, संचार, स्वास्थ्य सेवा, उद्योग, व्यवसाय, जस्ता प्राकृतिक श्रोतहरु तथा आर्थिक, सामाजिक क्षेत्रका पुनर्स्थापना, पुननिर्माणका लागि रणनीति, योजना तयार गरी लागू गर्ने, गराउने,

छ) विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई अस्थायी पुनर्स्थापना गर्ने, गराउने,

ज) विपद् प्रभावित क्षेत्रमा प्रभावित समुदायहरुको आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सिर्जना तथा जीवनयापनका लागि आयआर्जनका कार्यक्रम संचालन गर्ने, गराउने,

(९) विपद् व्यवस्थापन गर्न आवश्यक समन्वय र सहकार्यका लागि देहायका कार्यहरु गर्नेः-

क) उद्धार तथा राहत कामको प्रगती विवरण जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र तोकिए बमोजिम अन्य निकायलाई पठाउने,

ख) दफा १५ मा उल्लेख भए बमोजिम संघीय सरकारबांट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीय स्तरका सरकारी, गैरसरकारी एवम् निजी साधन, यन्त्र, उपकरण, सामान, खद्यान्न आदिको प्रयोग तथा व्यवस्थापनमा सहयोग, समन्वय गर्ने र सो को अभिलेख राख्ने,



Scanned with CamScanner

ग) विपद् व्यवस्थापन सम्वन्धमा प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्न नगर कार्यपालिकालाई सहयोग गर्ने नगर कार्यपालिकालाई सहयोग गर्ने,

घ) अन्य उप-महानगरपालिका, गाउँपालिकाहरुसँग आवश्यक समन्वय, सहकार्य गर्न नगर कार्यपालिकालाई सहयोग गर्ने,

ङ) विपद् व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

## परिच्छेद - ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ६. वडा विपद् व्यवस्थापन समितिको गठनः

(१) विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन तथा व्यवस्थापनका लागि उप-महानगरपालिकाको प्रत्येक वडामा वढीमा १५ पदाधिकारीहरु रहेको एक वडा विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा विपद् व्यवस्थापन समितिको गठन देहाय वमोजिम हुनेछ :-

क) वडा अध्यक्षा — अध्यक्ष

ख) वडा सदस्यहरु — सदस्य

ग) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका वडा स्थित प्रमुख वा निजको प्रतिनीधि — सदस्य

घ) नेपाल रेडक्रस सोसाईटीको स्थानीय प्रतिनिधि — सदस्य

ङ) सामुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष वा संयोजकहरु मध्येबाट वडा अध्यक्षले मनोजित गरेको १ जना — सदस्य

च) गैरसरकारी तथा समुदायमा आधारित संघसंस्था, तथा युवा क्लबबाट न्यूनतम १ महिला सहित वडा अध्यक्षबाट मनोनित ३ जना — सदस्य

छ) सम्वन्धित वडाको वडा सचिव — सदस्य सचिव

### ७. वडा विपद् व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्थाः-

१) वडा विपद् व्यवस्थापन समितिको बैठक वर्षको कम्तीमा चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।



Scanned with CamScanner

२) अध्यक्षसँग समन्वय गरी समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौवीस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

३)समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए पनि सो समितिको बैठक तत्काल वालाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै समयमा पनि समितिको बैठक वोलाउन सक्नेछ । त्यस्तो अवस्थामा अध्यक्ष र कम्तीमा २ जना सदस्य उपस्थित भएमा समितिको बैठक वस्न सक्नेछ ।

५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

६) समितिको निर्णण सकेसम्म सर्वसम्मत् गरिनेछ, सो हुन नसके वहुमतद्धारा हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

७) अध्यक्षले सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनीधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । तर, आमन्त्रित सहभागीलाई निर्णमा मतदान गर्ने अधिकार हुनेछैन ।

८) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण निर्धारण गरे बमोजिम हुनेछ ।

९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**नोटः यस दफामा समिति भन्नाले वडा बिपद् व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।**

**८. <u>वडा विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) उप-महानगरपालिकाको स्वीकृत नीति तथा योजना अनुरुपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोक गर्ने,

ख) विपद् व्यवस्थापन सम्बन्धी उप-महानगरपालिकाको स्वीकृत निर्देशिका, कार्याविधि तथा मापदण्डहरुको पालना गर्ने, गराउने,

ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

घ) वडा सदस्यहरु, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक, तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनीधिलाई विपद् व्यवस्थापन सम्वन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

ङ) विपद् जोखिममा रहेका घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

च) उप-महानगरपालिकाले तयार गर्ने जलवायु तथा विपद् जोखिम पार्श्वचीत्र तयार गर्ने कार्यमा सघाउने र सम्बन्धित वडामा सूचना सङ्कलनको लागि व्यवस्था मिलाउने,

छ) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रमहरु संचालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने,

ज) वडामा विकास निर्माणका क्रियाकलापहरुमा विपद् जोखिम न्यूनीकरण, व्यवस्थापनलाई मूलप्रवाहिकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पताल (स्वास्थ्य चौकी समेत) का लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्ने,

झ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्य योजना, पुनर्स्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

ञ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरुको गठन तथा त्यस्ता समूहलाई परिचालन गर्ने, गराउने,

ट) विपद्का घटना हुनासाथ खोज, उद्धार, प्राथमिक उपचार लगायतका राहतका कार्यहरु गर्नको लागि समन्वय गर्ने,

ठ) आपत्कालीन अवस्थाको व्यवस्थापनका लागि विपद्को प्रकृतीको आधारमा नमूना अभ्यास गर्ने, गराउने,

ड) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन, तथा अन्य किसिमको शोषण) रोकथामको लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने,

ढ) विपद् पश्चात् विपद्मा परेका प्रभावितहरुको पहिचान गरी नगर कार्यपालिकाको निर्णय बमोजिम पुनर्लाभ पुनर्स्थापना र पुनर्निर्माण) सम्बन्धी कार्य गर्ने, गराउने,

ण) नगर विपद् व्यवस्थापन समिति वा उप-महानगरपालिकाले तोकेको विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

### ९. सुरक्षा निकायको परिचालन, सहयोग र समन्वय:-

(१) नगर कार्यपालिकाले विपद् व्यवस्थापनको काममा संघीय सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरुलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगर कार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा उप-महानगरपालिकामा उपलब्ध भए त्यस्तो सामग्री तत्कालै उपलब्ध गराउनु पर्नेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगर कार्यपालिकाले नगर प्रहरीलाई परिचालन गर्नेछ ।

## १०. वारुणयन्त्र, एम्बुलेन्स तथा अन्य सेवा प्रदायकको काम, कर्तव्य र अधिकार:-

(१) वारुणयन्त्र, एम्बुलेन्स् तथा त्यस्तै अन्य सेवा प्रदायकले नगर विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको तत्काल पालना गर्नुपर्नेछ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा नगर विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र वा तोकिएको सेवा प्रदायकलाई हुनेछ।

(३) उप-महानगरपालिकाको वारुणयन्त्र संचालन तथा व्यवस्थापन उप-महानगरपालिकाबाट स्वीकृत कार्यविधि र मापदण्ड अनुसार गरिनेछ

## ११. सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायत्व:-

(१) विपद् व्यवस्थापन सम्बन्धमा उप-महानगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो भवन, उद्योग, कार्यलय, व्यवसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क संकलन, क्षतिको मूल्याङ्न, राहत, पुनर्स्थापना, पुनर्निर्माण समेतका कार्यमा सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत तालिम, अभ्यास र साधन उपकरणको व्यवस्थ ागर्ने, गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने श्रोत साधनलाई तयारी अवस्थामा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपतकालिन प्रयोजनका लागि आवश्यक परेमा आदेश अनुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने,

(छ) विपद् जोखिम न्यूनिकरणका लागि तोकिएको कार्यहरु गर्ने,

(ज) फोहरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीविकामा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने उपायहरु अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रलाई खबर गर्ने।

(२) उप-महानगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि, मापदण्डहरुको अधीनमा रही आफ्नो संस्था वा प्रतिष्ठानको विपद् व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्नु पर्नेछ।



Scanned with CamScanner

**१२. विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने:-** उप-महानगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयंसेवक, व्यवसाय वा व्यक्ति सबैले विपद् व्यवस्थापन कार्यमा उप-महानगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नुपर्नेछ:-

क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, विपद् जोखिम न्यूनीकरण, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्वन्धी कार्यमा सहयोग गर्ने,

ख) विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने,

ग) क्षमता विकास, आपत्कालिन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्वन्धी प्रशिक्षण, कार्यक्रममा सहयोग गर्ने तथा सहभागी हुने,

घ) विपद्को समयमा खोज, उद्धार तथा राहत वितरण सम्वन्धी कार्यमा सहयोग गर्ने ।

ङ) अन्य आवश्यक सहयोग गर्ने ।

## परिच्छेद - ५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**१३. विपद् व्यवस्थापन कोष:-**

(१) पिवद् व्यवस्थापनका लागि उप-महानगरपालिकामा छुट्टै कोष रहनेछ ।

(२) कोषमा देहाय वमोजिमका रकमहरु रहने छन् ।

(क) उप-महानगरपालिकाको वार्षिक वजेटवाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

ख) प्रदेश सरकारवाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

ग) संघीय सरकारवाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

घ) कुनै स्वदेशी संघ संस्था वा व्यक्तिवाट विपद् व्यवस्थापन कोषमा जम्मा गरिदिएको दान, दातव्य, उपहार स्वरुप प्राप्त रकम,

ङ) प्रचलित कानून वमोजिम अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

३) विपद् व्यवस्थापनका लागि उप-महानगरपालिकाले कानून वमोजिम विशेष शुल्क वा दस्तुर सङ्कलन गर्न सक्नेछ ।



Scanned with CamScanner

४) कोषको संचालन गर्न उप-महानगरपालिकाले यो ऐन प्रारम्भ भएको तीन महिना भित्र विपद् व्यवस्थापन कोष संचालन कार्यविधि वनाई लागू गर्नुपर्नेछ ।

५) कोषको रकम विपद् व्यवस्थापन सम्वन्धी कामका लागि मात्र प्रयोग गरिनेछ ।

६) कोषको रकम प्रशासनिक कार्य, अध्ययन वा भ्रमण, तालिम, वैठक आदिको लागि खर्च गरिने छैन । तर, यस उपदफामा लेखिएको व्यहोराले विपद् पूर्वतयारी र प्रतिकार्यका लागि तोकिएका सीप विकास तालिम, नमूना घटना अभ्यास गर्न बाधा पुऱ्याएको मानिने छैन ।

७) कोषको लेखापरीक्षण महालेखा परीक्षकवाट हुनेछ ।

८) समितिले कोषको बार्षिक आयव्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नेछ ।

९) कोषको लेखापालन उप-महानगरपालिकाको लेखा हेर्ने अधिकारीवाट हुनेछ ।

१०) कोषको रकम स्वीकृत योजना तथा कार्यक्रममा कार्यविधि वमोजिम खर्च गर्न सम्वन्धित वडामा पठाउन सकिनेछ ।

## परिच्छेद - ६

## कसुर तथा सजाय

**१४. कसुर र सजायः** (१) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाहि गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाइदा लिने गरी वा अरुलाई हानी पुग्ने किसिमको कुनै काम गरेमा वा संघीय ऐन वमोजिम कसुर जन्य मानिने अन्य कुनै काम गरेमा तत् सम्वन्धी कारवाहि संघिय ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिमको कसुर गर्नेलाई उपदफा (१) वमाजिमको दण्ड सजाय का अतिरिक्त उपमहानगरपालिकाले निजलाई उप-महानगरपालिकाबाट उपलव्ध हुने सेवा सुविधा कटौती गर्न सक्नेछ ।



Scanned with CamScanner

## परिच्छेद - ७

## विविध

**१५. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः-**

(१) संघीय सरकारले उप-महानगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतीको विपद् उत्पन्न भएवाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु सवैको कर्तव्य हुनेछ ।

२) उपदफा (१) बमोजिम घोषणा गराएको क्षेत्रमा संघीय सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन उप-महानगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न, गराउन समितिले आवश्यक समन्वय गर्नुपर्नेछ ।

३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्वन्धी सूचनाको प्रसारणमा समितिले सहयोग र समन्वय गर्नुपर्नेछ ।

**१६.संघीय सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्नेः-**

(१) विपद्‌बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले संघीय सरकारको स्वीकृति लिई उप-महानगरपालिकासँग समन्वय गरेर मात्र प्रवेश गर्न र स्वीकृत गतिविधि मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संघीय सरकारको स्वीकृति लिएको नदेखिएमा वा स्वीकृत गतिविधिको अलावा अन्य गतिविधि गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१७. मानवीय तथा अन्य सहायता र समन्वय गर्नुपर्नेः-**

(१) उप-महानगरपालिका भित्र भएको विपद्‌को सामना गर्न आन्तरिक स्रोत र साधनवाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि नगर प्रमुखले तत्काल जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्नुपर्नेछ ।

(२) विपवद्‌वाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा संघीय सरकारले अन्तर्राष्ट्रिय, मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा उप-महानगरपालिकाले संघीय सरकारको तत् सम्वन्धी कार्यमा सहयोग र समन्वय गर्नेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत् अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्‍याउनु नगर कार्यपालिकाको दायित्व हुनेछ ।



Scanned with CamScanner

(४) छिमेकी स्थानीय तह वा अन्य कुनै तहमा बसोबास गर्ने जनताको धनसम्पती, जनजीवनमा प्रतिकूल असर पर्ने गरी वा विपद् जोखिम हुने गरी वा विद्यमान जोखिम बढ्ने गरी उप-महानगरपालिकामा कुनै गतिविधि गर्न पाइने छैन । यस्तो गरेमा दफा १४ बमोजिम कसुर गरेको मानिनेछ ।

**१८. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने:-**

(१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्काले राहत सामग्री खरिद वा कुनै भौतिक संरचना निर्माण गर्न आवश्यक भएमा र यस ऐन बमोजिम अनुवन्ध करार वा उपयुक्त व्यवस्था अनुरुप तत्काल खरिद वा निर्माण गर्न गराउन सिकिने छ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था नभएको अवस्थामा उप-महानगरपालिकाको सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्वन्धी व्यवस्था बमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न गराउन सक्नेछ ।

(३) विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि नगर प्रमुख वा अन्य अख्तियार प्राप्त अधिकारीले उप-महानगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी संस्था वा अन्य निकाय र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सो को अभिलेख राखी तोकिएको अवधिको लागि अस्थायी तवरले प्राप्त गर्न, गराउन सक्नेछ ।

(४) विपद् प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन उप-महानगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी संस्था वा अन्य निकाय र व्यक्तिको खाद्यान्न, कपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सो को अभिलेख राखी नगर प्रमुख वा तोकिएको अधिकारीले नियन्त्रणमा लिन र प्रभावितलाई उपलब्ध गर्न, गराउन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम उप-महानगरपालिकाले कुनै सम्पति अस्थायी रुपमा प्राप्त गरेमा वा उपदफा (४) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्तिको सोधभर्ना वा प्रयोग वा वस्तुउपयोग बापत प्रचलित दर अनुसारको रकम सम्वन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनुपर्नेछ ।

**१९. राहतको न्युनतम मापदण्ड सम्बन्धी व्यवस्था:-**

(१) विपद् प्रभावित व्यक्तिलाई संघीय सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त उप-महानगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम उपमहानगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कार्यविधि, मापदण्ड वनाई सोको आधारमा राहत उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) वमोजिमको राहतको मापदण्डामा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश गरिएको हुनुपर्नेछ।

क) विपद्वाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रय स्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाई सम्वन्धी,

ख) विपद्वाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहत सम्वन्धी,

ग) मिहला, वालवालिका, जेष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्वोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तैः- डिगनिटी किट), महिलाहरुको लागि सुरक्षा महिलामैत्री स्थल,

घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्वन्धी,

ङ) न्यूनतम राहत वाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमवाट विपद् प्रभावितको जीविकोपार्जन सम्वन्धी,

च) गैरसरकारी संघ संस्था वा व्यक्तिले दिने राहतको वितरण सम्वन्धी,

छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्वन्धी,

ज) राहतसँग सम्वन्धित अन्य उपयुक्त विषयहरु।

**२०. विपद्मा परी हराएको वा नष्ट भएका कागजातहरु सम्बन्धमा:** विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्णरुपमा क्षति भएका महत्वपूर्ण कागजातहरु को प्रमाणीकरण तथा उप-महानगरपालिकामा रहेको रेकर्ड अनुसार प्रतिलिपि उपलब्ध गराउने सम्वन्धी व्यवस्था प्रचलित संघिय कानूनले तोके वमोजिम हुनेछ।

**२१. निर्देशन दिन सक्ने:** समितिले यस ऐनको अधिनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्वन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

**२२. उपसमिति गठन गर्न सक्ने:** (१) समितिले आवश्यकता अनुसार विभिन्न प्रयोजनका लागि उप समिति गठन गर्न सक्नेछ।



Scanned with CamScanner

(२) समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत कार्यसमूह, स्वयंसेवी समूह र टोलीहरुको गठन र परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गठन हुने उप समिति,कार्यसमूह, स्वयंसेवी समूह र टोलीहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले स्वीकृत गरेको कार्य सूचीमा तोकिए बमोजिम हुनेछ ।

<u>**२३. अभिलेख राख्नुपर्ने:**</u> (१) समिति वा विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम र उपलब्ध भएको राहत तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) विपद् प्रभावितलाई राहत वितरण गर्दा समितिले राहत पाउने व्यक्ति, निकाय वा संस्थाको नाम र निजले पाएको हरेक राहत सामग्री, सेवा तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण राख्दा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा जेष्ठ नागरीक, विपद्का कारण स्थानान्तरण भएका परिवार लगायतको संख्या यकिन हुने विवरण र उनीहरुलाई उपलब्ध गराइएको राहतको विवरण राख्नुपर्नेछ ।

<u>**२४. पुरस्कार दिन सक्ने:**</u> उप-महानगरपालिकामा विपद् व्यवस्थापनमा विशेष योगदान पुर्‍याउने उत्कृष्ठ व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

<u>**२५. वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने:**</u> (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिका मार्फत् नगर सभा तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ ।

<u>**२६. प्रशासनिक खर्च व्यवस्थापन:**</u> ऐनमा तोकिएको काम गर्न समिति वा उपसमितिलाई आवश्यक पर्ने कर्मचारी, प्रशासनिक र सञ्चालन खर्च नगर कार्यपालिकाले व्यवस्था गर्नुपर्नेछ ।

<u>**२७. अधिकार प्रत्यायोजन:**</u> समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार समितिको अध्यक्ष वा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।



Scanned with CamScanner

**२८. नियम बनाउने अधिकार:** नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**आज्ञाले,**

**नारायण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

**धनगढी उप-महानगरपालिका**



Scanned with CamScanner

**निर्णय नं. ४**

धनगढी उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७७ पारित गर्ने र राजपत्रमा प्रकाशित भैसकेपछि कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

Scanned with CamScanner

धनगढी उप महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ०४ | संख्या: ०२ | मिति: २०७७/०३/१०

## भाग-१

धनगढी उप-महानगरपालिका

## धनगढी उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

नगर सभाबाट प्रमाणीकरण मिति : २०७७/०३ /१०

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/..../....

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम धनगढी उप-महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।



Scanned with CamScanner

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "धनगढी उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन धनगढी उप-महानगरपालिका क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले धनगढी उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "उप-महानगरपालिका" वा "नगरपालिका" भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका,नियमावली, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५. **बचाउ :** नगरपालिकाले यस पूर्व बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधिर मापदण्ड यसै बमोजिम भए गरेको मानिनेछ। साथै यस ऐन संग अब उप्रान्त बाझिएका ऐन, कानून, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बाझिएको हद सम्म अमान्य हुने छन्।

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
धनगढी उप-महानगरपालिकाको कार्यालय



Scanned with CamScanner

**निर्णय नं. ५**

धनगढी उप-महानगरपालिकाको कार्यालय, धनगढी कैलालीमा हाल कार्यरत स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार सेवा प्रवेश गरेका स्थायी कर्मचारीको लागि प्रोत्साहन सुबिधा उपलब्ध गराउन पेश भएको अन्तरिम विधेयक, २०७७ पारित गर्ने र राजपत्रमा प्रकाशित भैसकेपछि कार्यान्वयनमा ल्याउने निर्णय गरियो। यस अन्तरिम व्यवस्थापन गर्न बनेको ऐन, २०७७ को कार्यान्वयनमा लाग्ने थप वित्तीय स्रोतको बन्दोबस्त धनगढी उप-महानगरपालिकाको आन्तरिक आयबाट व्यवस्था गर्ने निर्णय गरियो।

Scanned with CamScanner

धनगढी उप महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड:०४ संख्या:०४ मिति: २०७७/०३/१०

## भाग-२

### धनगढी उप-महानगरपालिका

**स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको ऐन,२०७७**

नगरसभा बाट स्वीकृती मिति: २०७७।०३।१०
राजपत्रमा प्रकाशन मिति: २०७७/..../......

**स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन, २०७७**

प्रस्तवना : नेपालको संविधानको धारा २२६ र अनुसुची ८ मा रहेको एकल अधिकारको सूची अन्तर्गतको स्थानीय सेवा व्यवस्थापन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिमको स्थानीय तहका काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थाको कार्यान्वयन गर्न, नेपालको संघीय कानून कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था, साविकमा प्रचलनमा रहेको कानून,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुसार धनगढी उप महानगरपालिकामा स्थायी नियुक्ती पाई कार्यरत कर्मचारी र सोही सेवा समुहको समान पदमा समायोजन भई आएका कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्वन्धी ऐन निर्माण गरी स्थानीय सेवाको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले धनगढी उप महानगरपालिकाको मिति २०७७।०३।१० गतेको नगर सभाको निर्णय नं. ... वमोजिम धनगढी उप महानगरपालिका नगर सभावाट यो ऐन जारी गरिएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐन को नाम "धनगढी उप महानगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहनका लागि व्यवस्था गर्न वनेको अन्तरिम ऐन , २०७७" रहने छ ।



Scanned with CamScanner

(२) यो विधेयक स्थानीय राजपत्रमा प्रकाशित भैसकेपछि ऐन सरह तुरुन्त प्रारम्भ हुनेछ ।

(३). परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन मा

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले यस ऐन को प्रयोजनका लागि तत्काल प्रचलित कानून वमोजिम साविक स्थानीय निकायमा स्थायी नियुक्ती भई हाल धनगढी उप महानगरपालिकामा स्थायी रुपमा कार्यरत र सोही सेवा समुहका समान पदमा समायोजन भई आएका कर्मचारी लाई सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले धनगढी उप महानगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवा सुविधा" भन्नाले प्रचलित कानून वमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पूर्ण सेवा सुविधालाई सम्झनु पर्छ । सो शव्दले सेवा निवृत्त पश्चात् प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ ।

(च) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानूनमा सुरु सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनगढी उप महानगरपालिका नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "ऐन " भन्नाले धनगढी उप महानगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्[illegible] लागि व्यवस्था गर्न वनेको अन्तरिम ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(४). संगठन तथा कर्मचारी दरवन्दी : (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरवन्दी धनगढी उप महानगरपालिकाको नगर सभाले स्वीकृत गरे वमोजिम हुनेछ ।

(२) उप नियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि यस [illegible] को नियम ५ वमोजिमको वृत्ति विकास तथा प्रोत्साहन सम्वन्धी विशेष व्यवस्था वमोजिम कायम हुने दरवन्दी स्वतह सृजना भएको मानिने छ । साथै प्रदेश कानूनले यस सम्वन्धमा कानून वनाई लागु गरेमा यो कानून स्वत: खारेज हुनेछ ।

(५). तह/स्तर वृद्धि तथा तथा प्रोत्साहन सम्वन्धी विशेष व्यवस्था : (१) नियम ४ वमोजिमको संगठन संरचना र दरवन्दीमा स्थानीय तहका कर्मचारीहरुको १ पटकका लागि तह/स्तर वृद्धि तथा तथा प्रोत्साहन सुविधा उपलव्ध गराईने छ । यस नियम वमोजिम तह/स्तर वृद्धि गर्दा कर्मचारी समायोजन ऐन, २०७५ ले तोकेको न्यूनतम शैक्षिक योग्यता, विशिष्टीकरण सेवा समुह र योग्यता प्रणालीको सिद्धान्त र कार्यसम्पादन मूल्याङ्कनलाई मुख्य आधार वनाईने छ ।

(२) उपनियम (१) वमोजिम तह/स्तर वृद्धि तथा प्रोत्साहन गर्दा सेवा अवधिलाई गणना गरि तह/स्तर वृद्धि तथा प्रोत्साहन दिनु पर्नेछ ।

माथि दफा ५ को उप दफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लेखित स्थायी कर्मचारीलाई एक तह प्रोत्साहन सुविधाको रुपमा वृद्धि गरिने छ । अन्य अर्थ लगाई एक तह भन्दा माथिको प्रोत्साहन सुविधा उपलव्ध हुने छैन ।

(३) उपनियम (१) वमोजिमको तह/स्तर वृद्धि/वढुवा तथा प्रोत्साहन गर्दा देहायको मापदण्डको आधारमा गरिने छ ।



Scanned with CamScanner

खण्ड ०४

संख्या: ०५

मिति:२०७७/०३/१०

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| श्रेणी विहिन | • पाचौं स्तरमा कार्यरत रहेको<br>• पांच वर्ष भन्दा बढी सेवा अवधि भएको | पाचौं स्तर | खाइपाई आएकोमा २ ग्रेड थप |
| | • पांच वर्ष भन्दा कम सेवा अवधि | - | खाइपाई आएकोमा २ ग्रेड थप |
| | • पांच वर्ष भन्दा बढी सेवा अवधि भएको | एकतह वृद्धि | |
| | | | |
| सहायकस्तर चौथो | • पांच वर्ष भन्दा कम सेवा अवधि भएको | सहायकस्तर चौथो | खाइपाई आएकोमा २ ग्रेड थप |
| | • पांच वर्ष भन्दा बढी सेवा अवधि भएको<br>• न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | सहायकस्तर पाचौं | |
| | • बाह्र वर्ष भन्दा बढी सेवा अवधि भएको | सहायकस्तर पाचौं | |
| सहायकस्तर पाचौं | • पांच वर्षभन्दा कम सेवा अवधि भएको | सहायकस्तर पाचौं | खाइपाई आएकोमा २ ग्रेड थप |
| | • पांच वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको<br>• न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर छैठौं | |
| अधिकृतस्तर छैठौं | • हाल अधिकृत स्तर छैठौंमा कार्यरत रही सेवा अवधि पाँच वर्ष भन्दा कम रहेको | अधिकृतस्तर छैठौं | खाइपाई आएकोमा २ ग्रेड थप |
| | • हाल अधिकृत स्तर छैठौंमा कार्यरत रही पांच वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको<br>• न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर सातौं | |
| अधिकृतस्तर सातौं | • हाल अधिकृत स्तर सातौंमा कार्यरत रही सेवा अवधि पाँच वर्ष भन्दा कम रहेको | अधिकृतस्तर सातौं | खाइपाई आएकोमा २ ग्रेड थप |
| | • हाल अधिकृत स्तर सातौंमा कार्यरत रही पांच वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको<br>• न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर आठौं | |



Scanned with CamScanner

तर उल्लेखित व्यवस्थाको सम्बन्धमा प्रदेश सरकारले कानून बनाई लागु गरी यस व्यवस्था संग बाझिएमा वाझिएको खण्डमा वाझिएको हदसम्म प्रदेश सरकारको कानून बमोजिम हुनेछ ।

(६). कर्मचारीलाई वृति विकास तथा प्रोत्साहन सुविधा उपलब्ध गराउदा कायम हुने नयाँ तलबमान निजले खाईपाई आएको साविक तलबमान भन्दा कम हुने भएमा अपुग रकम वरावर ग्रेड थप गरी तलबमान कायम गरिनेछ ।

(७).प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम उपलब्ध गराईएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा वढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिईनेछ ।

(८).ज्येष्ठता निर्धारणको आधार : (१) समायोजन हुनु भन्दा अघिल्लो तहमा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

(९) समायोजनका लागि आवश्यक योग्यता पुगेका कर्मचारीहरुले निवेदन सहित आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

(१०).यस स्थानीय तहमा समायोजन भै आएका साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुलाई यस कानून वमोजिमको प्रोत्साहन सुविधा लिन मिल्ने भए सुविधा प्राप्त गर्न वाधा पर्ने छैन ।

